# कोरोना भाइरससम्बन्धी बागमती प्रदेशको अवस्था

**मकवानपुर । ०७७ वैशाख ८ गते**

बागमती प्रदेशका जिल्लामा हालसम्म १४ हजार ७ सय ८४ जनामा र्‍यापीड टेष्ट विधिबाट कोरोना सङ्क्रमण परीक्षण गरिएको छ । प्रदेशका १३ ओटै जिल्लामा र्‍यापीड टेष्ट गर्दा १३ जनामा पोजेटिभ देखिएको बागमती प्रदेशको सामाजिक विकास मन्त्रालयका डा. पुरुषोत्तम सेडाईले जानकारी दिनुभयो । र्‍यापीड टेष्टको कामलाई बागमती प्रदेशमा तिव्रता मन्त्रालयले जनाएको छ ।
यसैबीच कोरोनाको महामरीलाई रोकथाममा ऐक्वबद्धता जनाउने क्रममा नेपाली काङ्ग्रेस बागमती प्रदेश संसदीय दलले कोरोना विरुद्धको अभियानका लागि बागमती प्रदेश सरकारलाई सहयोग गरेको छ ।
काङ्ग्रेसले आफ्ना सांसदहरूको तर्फबाट ३ लाख १२ हजार ४० रुपियाँ प्रदेश सरकारले स्थापना गरेको ‘कोरोना सङ्क्रमण रोकथाम,नियन्त्रण तथा उपचार कोष’ मा सहयोग गरेको हो । सहयोग रकमको चेक नेपाली काङ्ग्रेस बागमती प्रदेश संसदीय दलका नेता ईन्द्रबहादुर बानियाँले मुख्यमन्त्री डोरमणी पौडेललाई हस्तान्तरण गरेका थिए । काङ्ग्रेसले आफ्ना सांसदहरूको सातदिनको सेवा सुविधा र सांसद विजुल बर्माको एक महिनाको पारिश्रमिक बापतको रकम जम्मा गरेको छ ।

**इन्सेक काठमाडौं जिल्ला प्रतिनिधि विमला पौडेल**का अनुसार स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले कोभिड १९ बाट सङ्क्रमित भएको आशङ्कामा देशभर ३३ हजार २ सय ६२  जनाको स्वास्थ्य परीक्षण गरिएको मन्त्रालयले जनाएको छ । मन्त्रालयका प्रवक्ता डाक्टर विकास देवकोटाले नियमित पत्रकार सम्मेलनमा देशभर पीसीआर विधिबाट ८ हजार १ सय १४ र आरडीटी विधिबाट २५ हजार १ सय ४८ जनाको परीक्षण गरिएको जानकारी दिनुभयो । डा देवकोटाका अनुसार आरडीटी विधिबाट प्रदेश १ मा २ हजार ३ सय ४९, प्रदेश २ मा ३ हजार २ सय ३८, बागमती प्रदेशमा ४ हजार ६ सय ७६, गण्डकी प्रदेशमा ३ हजार ७ सय ५१, प्रदेश ५ मा २ हजार ३ सय २४, कर्णाली प्रदेशमा ३ हजार २ सय ३२ र सुदुरपश्चिम प्रदेशमा ५ हजार ५ सय ७८ जनाको परीक्षण भइसकेको छ । उहाँले हालसम्म देशभर ५ हजार ९ सय ३६ जना क्वारेन्टाइन र १ सय ११ जना आइसोलेसनमा रहेको बताउनुभयो । हालसम्म नेपालमा कोभिड-१९ बाट सङ्क्रमित हुनेहरूको सङ्ख्या ३१ जना रहेको र चार जना उपचारपछि डिस्चार्ज भइसकेको मन्त्रालयले जनाएको छ ।
हालसम्म देशभरी ५ हजार ९ सय ३६ जना क्वारेण्टाइन र १ सय ११ जना आइसोलेशनमा रहेका छन् । हालसम्म नेपालमा कोभिड १९ बाट सङ्क्रमित हुनेहरूको सङ्ख्या ३१ जना रहेको र ४ जना डिस्चार्ज भैसकेको मन्त्रालयले जनाएको छ । यस्तै मन्त्रालयले क्यान्सर, मिर्गौलाको डायलासिस, प्रसूति जस्ता सेवाहरू सुचारू गर्न पनि सबै स्वास्थ्य संस्थाहरूलाई आग्रह गरेको छ ।

**इन्सेक धादिङ जिल्ला प्रतिनिधि सिताराम अधिकारी**का अनुसार धादिङको त्रिपुरा सुन्दरी गाउँपालिकाले कोरोना भाइरस (कोभिड १९)को सङ्क्रमण रोकथाम तथा राहात वितरणको लागि प्रकोप व्यवस्थापन कोष सञ्चालनमा ल्याएको छ ।
कोषमा गाउँपालिका प्रमुखले २० हजार उपप्रमुखले १५ हजार, वडा अध्यक्षहरूले १० हजार, कार्यपालिका सदस्यहरूले ५ हजार, वडा सदस्यहरूले ३ हजार, स्वास्थ्यकर्मी बाहेकका कर्मचारी शिक्षकहरूले पाँचदिन बराबरको रकम जम्मा गर्नु पर्ने गाउँपालिकाको बैठकले निर्णय गरेको छ ।
गाउँपालिकाको बैठकले गाउँपालिकाको ०७६/७७ मा विपद तथा आपतकालीन शिर्षकमा राखिएको रकम समेत कोषमा जम्मा गर्ने निर्णय गरेको छ ।

बैठकले गाउँपालिकामा रहेका एम्बुलेन्सहरू स्वास्थ्य केन्द्रमा अनिवार्य रूपमा तयारी अवस्थामा निर्देशन गरेको छ । अब एम्बुलेन्स सञ्चालन स्वास्थ्य केन्द्रको व्यवस्थापन समितिका अध्यक्ष मार्फत गर्ने समेत निर्णय गरिएको छ ।
धादिङ जिल्लामा कोरोना भाइरस (कोभिड १९) द्रुत परीक्षणका लागि आएको किड प्रयोग गरि स्थानीय तहहरूले द्रुत रुपमा परीक्षण गरिरहेका छन् ।
जिल्लाको स्थानीय तहहरूले र्‍यापीड टेष्ट कार्यलाई निरन्तरता दिएको छ । धुनीबेसी नगरपालिकाले स्वास्थ्य चौकी तथा प्रहरी कार्यालयलाई इन्फारेट थर्मोमिटर र मास्क प्रदान गरेको छ ।
नगरपालिकाभित्र पर्ने तीन ओटा स्वास्थ्य चौकी, ६ ओटा आधारभूत स्वास्थ्य केन्द्र र ईलाका प्रहरी कायालय खानीखोलालाई गरी १० ओटा ज्वरो नाप्ने थर्मल गन र मास्क प्रदान गरेको हो ।

**इन्सेक दोलखा जिल्ला प्रतिनिधि उद्धव पोखरेल**का अनुसार दोलखाको कालिञ्चोक गाँउपालिका स्थित सिंगटीको क्वारेण्टाइनमा रहेका २३ जना वैशाख ८ गते घर फिर्ता भएका छन् ।
क्वारेण्टाइनमा बसेको १४ दिन पुरा भएको र र्‍यापीड डायग्नोस्टिक टेष्ट तथा स्वाब परीक्षणको नतिजा नेगेटिभ आएकोले घर पठाइएको स्वास्थ्य कार्यालय दोलखाका प्रमुख विभुकुमार झाले बताउनु भयो ।
लकडाउनको समयमा काठमाडौँबाट ०७६ चैत्र २५ गते आएका दोलखा कालिञ्चोक गाँउपालिकाका उनीहरूलाई स्थानीय प्रशासनले कालिञ्चोक गाँउपालिकाको समन्वयमा सिंगटीमा रहेको क्वारेण्टाइन राखिएको थियो । २३ जना मध्ये २२ जना काठमाडौँबाट र एक जना भारतबाट काठमाडाँ हुँदै दोलखा आएका थिए । क्वारेण्टाइनमा रहेका २३ जना मध्ये काठमाडौँबाट आएका २२ जनाको आरडीटी परीक्षण गरिएको थियो । भारतबाट आएका एक जनाको स्वाब परीक्षण गरिएको स्वास्थ्य कार्यालय दोलखाका प्रमुख झाले बताउनु भयो ।
उनीहरूलाई थप सात दिन होम क्वारेन्टीनमा रहने गरी विदाई गरिएको कालिञ्चोक गाँउपालिकाका उपप्रमुख कालिका पाठकले बताउनु भयो ।
दोलखाको ७४ ओटै वडामा कोरोना भाइरसको परीक्षण गर्ने व्यवस्था मिलाउन नेपाली काँग्रेस दोलखाले सरकार समक्ष माग गरेको छ । प्रेस विज्ञप्ति जारी गर्दै काँग्रेस दोलखाले यस्तो अनुरोध गरेको हो ।
लकडाउनको अवधि भर भीमेश्रर नगरपालिकाका विभिन्न ११ जनाले निःशुल्क एम्बुलेन्स सेवा लिएका छन् । भीमेश्वर नगरपालिकाले लकडाउनका कारण अन्य सवारीका साधान नचल्ने भएपछि गर्भवती, अहासय, अशक्त, फरक क्षमता भएका र विपन्न समुदायका लागि उपचारका लागि स्वास्थ्य संस्थासम्म पुग्नका लागि निःशुल्क एम्बुलेन्स तथा यातायात सुविधा उपलब्ध गराउने घोषणा गरेको थियो ।

**इन्सेक सिन्धुपाल्चोक जिल्ला प्रतिनिधि नातिबाबु धिताल**का अनुसार कोरोना भाइरसको सङ्क्रमण बढ्न नदिने उद्देश्यले जिल्ला प्रवेश गर्ने नाका बन्देउमा यातायातका साधनहरूमा औषधि छर्केर निर्मलीकरण गरिएको छ ।
कोरोना भाइरस महामारीको समयमा नागरिकहरूको सुरक्षको लागि सरकारले घोषणा गरेको लकडाउनको समयमा जरुरी परेर अरानीको राजमार्ग हुँदै जिल्ला प्रवेश गर्ने सवारी साधनहरूमा औषधि छर्केर निर्मलीकरण गरिने अभियान वैशाख ८ गतेबाट सुरू गरिएको चौतारा साँगाचोकगढी नगरपालिका प्रमुख अमान सिं तामाङले बताउनु भयो ।
कोरोना भाइरस नियन्त्रण गर्ने उद्देश्यले चौतारा साँगाचोगढी नगरपालिका-१३ ठूलोसिरुवारी प्रवेश गर्ने स्थान जल्कीनेमा हेल्थ डेक्स स्थापना गरिएको छ । वडा प्रवेश गर्ने प्रत्यक व्यक्तिको हेल्थ डेक्समा बस्ने स्वास्थ्यकर्मीहरूले ज्वरो जाँच गर्ने गरेको वडा अध्यक्ष रामप्रसाद गौतमले बताउनुभयो । अध्यक्ष गौतमका

अनुसार हेल्थ डेक्समा आउने व्यक्तिहरूका लागी आवश्यक परेमा सामान्य रोगको औषधि, साइनटाइजर समेतको उपलब्ध रहेको छ ।

**इन्सेक रामेछाप जिल्ला प्रतिनिधि नवराज घिमिरे**का अनुसार रामेछाप जिल्लामा  वैशाख ८ गतेसम्म १ सय २३ जनाको र्‍यापीड टेष्ट गरिएकोमा सबैको रिपोर्ट नेगेटिभ देखिएको छ ।
जिल्लामा १ सय २३ जनाको र्‍यापीड टेष्ट प्रविधिबाट कोभिड १९ को परीक्षण गरिएमा सबैको रिपोर्ट नेगेटिभ आएको जिल्ला स्वास्थ्य कार्यालय रामेछापका प्रमुख जितेन्द्रकुमार कर्णले जानकारी दिनुभयो ।
कर्णका अनुसार हालसम्म जिल्लाको मन्थली नगरपालिकामा १३ जना, रामेछाप नगरपालिकामा २४ जना, लिखुतामाकोशी गाउँपालिकामा ६ जना, सुनापति गाउँपालिकामा २१ जना दोरम्बा गाउँपालिकामा ६ जना, उमाकुण्ड गाउँपालिकामा तीन जना खाँडादेवी गाउँपालिकामा नौ जना र गोकुलगंगा गाउँपालिकामा ४१ जनाको र्‍यापीड टेष्ट गरिएको छ ।
कोरोना सङ्क्रमणको सम्भावित जोखिमलाई ध्यानमा राखी जिल्लामा हालसम्म ३ सय १ शैया क्वारेन्टिन र ६१ शैया आइसोलेशन कक्ष स्थापना गरिएको छ ।
रामेछाप जिल्लमा स्थानीय प्रशासनले लकडाउनमा कडाई गरेकोछ । निर्वाचित जनप्रतिनिधिहरू पनि कोराना नियन्त्रणको पूर्वतायरीमा जुटि रहेका छन् । तर रामेछाप र सोलुखुम्बुको सिमामा दुगड ग्रुपले निर्माग गरी रहेको लिखु जलविद्युत आयोजनाको सामान ओसार्ने काम रोकिएको छैन । भारत र तराईदेखिका सामान ल्याउने र मानिसहरू समेत आउजाउ हुँदा सङ्क्रमणको खतरा बढेको छ ।
यसैगरी निर्माण कम्पनिले मजदुरहरूको व्यवस्थापन नगर्दा आयोजनामा काम गर्ने मजदुरहरू पैदल हिँडेर आफ्नो गन्तव्यमा जाने क्रम रोकिएको छैन । यसले गर्दा मजदुरहरूले सास्ति खेपि रहेका छन् यसको व्यवस्थापनको लागि स्थानीय प्रशासनले ध्यान दिएको छैन ।

**इन्सेक भक्तपुर जिल्ला प्रतिनिधि रमेश गिरी**का अनुसार भक्तपुर जिल्ला अस्पतालमा वैशाख ८ गते २० जना शङ्काष्पद व्यक्तिको कोरोना परीक्षण गरिएको छ । उनीहरूको र्‍यापीड टेष्ट परीक्षणमा सबैको नतिजा नेगेटिभ आएको भक्तपुर अस्पतालको मेडिकल सुपरिटेण्डेण्ट डा. सुमित्रा गौतमले जानकारी दिनुभयो ।
अस्पतालमा नियमित सेवामा कोरोना परीक्षण बाहेक ८७ जना विरामीको स्वास्थ्य परीक्षण गरिएको उहाँले जानकारी दिनुभयो । अस्पतालले हालसम्म ४ सय ५२ जनाको कोरोना परीक्षण गरेको र सबैको नेगेटिभ आएको जानकारी दिँदै उहाँले आइसोलोशनमा एक जनाको उपचार भइरहेको जानकारी दिनुभयो ।
वैशाख ८ गते जिल्ला खेलकुद विकास समिति भक्तपुरका अध्यक्ष श्रीभक्त कासिछ्वाको सहयोगमा गट्टाघरमा १ सय ९२ पैदल यात्रुलाई निःशुल्क खाना खुवाएको छ। त्यसैगरि जगातीमा ५ सय ७७ जनालाई निःशुल्क खाना खुवाएको सूर्यविनायक नगरपालिका-८ का अध्यक्ष किरण थापाले जानकारी दिनुभयो ।
महानगरीय प्रहरी वृत्त जगातीका डिएसपी चक्रराज जोशीले ७ गते राती १ हजार ३ सय ७६ जनालाई खाना खुवाएर विभिन्न गाडीमा राखेर घर पठाएको जानकारी दिनुभयो ।
नेपाल पत्रकार महासङ्घका भक्तपुर जिल्ला अध्यक्ष पुष्करराज बुढाथोकीले विश्वव्यापी महामारीका रूपमा फैलिएको कोरोना भाइरसको जोखिम मोल्दै अहोरात्र कार्यक्षेत्रमा खट्ने पत्रकारहरूका लागि बिमा, राहत प्याकेज र सुरक्षा सामग्री सरकारले व्यवस्था गर्नुपर्ने बताउनु भएको छ ।
लकडाउनको बेलामा मासु पसलमा कालोबजारी गरेर मासु बिक्री गरेको गुनासो आएपछि भक्तपुर नगरपालिकाले  दत्तात्रय, च्याम्हासिंह, कमलबिनायकलगायतका क्षेत्रमा सञ्चालित राँगोको मासु पसलका अनुगमन गरेको छ ।

त्यसैगरी भक्तपुर नगरपालिकाले आफ्ना नागरिकलाई देवाली अर्थात कूल पूजा र मातातीर्थ औँसी घर मै बसेर सामान्य रूपमा मनाउन आग्रह गरेको छ ।
भक्तपुर नगरपालिकाद्वारा सञ्चालित जनस्वास्थ्य सेवा केन्द्रले वैशाख ८ गतेदेखि वडावडामा कोरोना भाइरसको परीक्षण सुरू गरेको छ ।
संसारभर फैलिरहेको कोरोना भाइरसको जोखिमलाई मध्यनजर गर्दै विदेशबाट फर्किएका व्यक्ति र सम्भावित व्यक्तिहरूको र्‍यापीड टेष्ट सुरु गरेको हो ।
भक्तपुर नगरपलिका-१० कमलविनायकस्थित सरस्वती विद्यागृहमा वैशाख ८ गते नौ जनाको परीक्षण गरिएकोमा सबैको रिपोर्ट नेगेटिभ आएको छ ।

**इन्सेक चितवन जिल्ला प्रतिनिधि दीपेन्द्र अधिकारी**का अनुसार भरतपुर कोरोना परीक्षण प्रयोगशालामा वैशाख ६ र ७ गते पठाइएका ७९ ओटा नमुना सङ्कलन गरिएकामा परीक्षण सबै नेगेटिभ आएको छ । पूर्वी चितवनको राप्ती नगरपालिका-८ का ६३ वर्षीया महिला (आमा) र २७ वर्षीय पुरुष (छोरा)मा तेस्रो पटक परीक्षण गर्दा पनि कोरोना सङ्क्रमण पुष्टि भएपछि हाल भरतपुर अस्पतालमा सामान्य अवस्थामा उपचार भइरहेको छ । अस्पतालको बी ब्लकका भूईँ तला सिल्ड गरिएको अस्पतालका सूचना अधिकारी लिलाधर पौडेलले बताउनुभयो ।
वैशाख ८ गते लकडाउन उल्लङ्घन गरेको आरोपमा ५२ ओटा सवारी नियन्त्रणमा लिएको चितवन प्रहरी प्रवक्ता डिएसपी एकनारायण कोइरालाले बताउनु भयो ।
चितवनमा रहेको कृषि तथा वनविज्ञान विश्वविद्यालयले तित्तेपाती स्यानिटाइजर बनाएको छ । विश्वविद्यालयको जैविक प्रविधि केन्द्रले उत्पादन गरेको स्यानिटाइजरमा इथानोल, ग्लिसिरोल, हाइट्रोजन पेरोअक्साइड र तितेपातीको समिश्रणबाट स्यानिटाइजर उत्पादन गरिएको विश्विद्यालयका उपप्राध्यापक सरोज सापकोटाले जानकारी दिनुभयो । तितेपाती प्रयोग गरी बनाइएको स्यानिटाइजर पहिलो प्रयोग हो । सो सेनिटाइजर विश्व स्वास्थ्य सङ्गठनको मापदण्ड अनुसार तयार पारिएको सापकोटाको दाबि छ । यो स्यानिटाइजर वैशाख ८ गतेदेखि प्रयोगमा ल्याइएको छ। जिल्लाको नारायणगढ र नवलपुरको गैंडाकोट क्षेत्रका तरकारी तथा फलफूल बिकी गर्ने व्यवसायी तथा कृषकहरूलाई वैशाख ८ गते निःशुल्क रुपमा वितरण गरिएको छ ।

**इन्सेक ललितपुर जिल्ला प्रतिनिधि दीपकप्रसाद घिमिरे**का अनुसार लकडाउनको नियम उल्लङ्घन गरे आरोपमा वैशाख ८ गते २ सय ५६ जनालाई महानगरीय प्रहरी कार्यालयले कारबाही स्वरुप कोभिड-१९ को बारेमा २ घण्टे कक्षामा राखेर घर पठाएको छ ।
आस्राङमा १३ पुरुष र १ महिला गरि १४ जना, भट्टेडाँडामा २ महिला र ५ पुरुष गरि ७ जना, बागमती गाउँपालिकामा १८ पुरुष र ३ महिला गरि २१ जनाको परिक्षण गरिएकोमा सबै नेगेटिभ रिपोर्ट आएको जनस्वास्थ्य कार्यालय ललितपुरका प्रमुख डा. खगेश्वर गेलालले जानकारी दिनुभयो ।
अरु स्थानीय तहमा कोभिड १९ परीक्षण गर्न छुटेकाहरूको पनि समय निर्धारण गरी ललितपुरमा र्‍यापीड डाइग्नोस्टिक टेष्ट (आरडीटी) विधिबाट परीक्षण गरिने जनस्वास्थ्य कार्यालय ललितपुरले जनाएको छ ।
कोभिड-१९को सङ्क्रमण पुष्टि भएका दुई जना बिरामीको उपचार भइरहेको छ भने वैशाख ७ गते भर्ना भएका तीन जना कोभिड-१९ को शङ्का लागेका बिरामीको उपचार भइरहेको पाटन अस्पतालका निर्देशक डा. विष्णु शर्माले जानकारी दिनुभयो ।
ललितपुरका सबै स्थानीय तहले बजार अनुगमन गरेका छन् । दक्षिण ललितपुरका महाँकाल, कोन्ज्योसोम र बागमती गाउँपालिकाका पसलहरूमा म्याद गुज्रेका खाद्य बस्तु विक्रीका लागि शहरका व्यापारीहरूले

लगेको पाइएको महाँकाल गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत ओमप्रसाद पाण्डेले जानकारी दिनुभयो ।
कान्ति लोकपथबाट पैदल यात्राका क्रममा अलपत्र परेकाहरूलाई बागमती गाउँपालिकाको भट्टेडाँडामा ९१ जनालाई निःशुल्क भोजन गराएको प्रवक्ता विष्णुप्रसाद तिमल्सिनाले जानकारी दिनु भयो । ललितपुर महानगरपालिका-५ स्थित लगनखेल डोजोले लकडाउनको मारमा परेका ७० जना विपन्न वर्गलाई निःशुल्क भोजनको व्यवस्था गरेको डोजोका अध्यक्ष मिनकृष्ण महर्जनले बताउनु भयो ।
सरकारले पटक पटक कोभिड १९ को परीक्षणका लागि आग्रह गर्दा समेत अटेर गर्नेहरूलाई मस्जित, मन्दिर र चर्चमा गएर खोजी थालिएको तीन ओटै नगरपालिकाले जनाएका छन् । फेला परेकाहरूको र्‍यापीड टेष्ट विधिबाट मात्र कोभिड १९ परीक्षण गरिने जनस्वास्थ्य कार्यालय ललितपुरले जनाएको छ ।

**इन्सेक रसुवा जिल्ला प्रतिनिधि हेमनाथ खतिवडा**का अनुसार रसुवामा रहेको क्वारेन्टाइनमा हालसम्म १२ जना र आइसोलेशनमा २ जना रहेका छन् । वैशाख ८ गतेबाट आमाछोदिङमो र नौकुण्ड गाउँपालिकामा र्‍यापीड टेष्ट सुरू गरिएको छ । नौकुण्ड गाउँपालिकामा फागुन १ देखि भारत र तेस्रो मुलुलबाट १३ जना आएका मध्ये आठ जनाको वैशाख ८ गते र्‍यापीड टेष्ट विधिबाट कोरोना भाइरसको परीक्षण गरिएको छ । परीक्षण गरिएका सबैको रिपोर्ट नेगेटिभ देखिएको नौकुण्ड गाउँपालिका स्वास्थ्य शाखा प्रमुख अणप्रसाद पौडेलले बताउनु भयो ।
आमाछोदिङमा गाउँपालिकामा १७ जना भारत र तेस्रो मुलुलबाट आएकाहरू छन् । उनीहरू मध्ये १४ जनाको र्‍यापीड टेष्ट भएकोमा सबै रिपोर्ट नेगेटिभ देखिएको स्वास्थ्य शाखा प्रमुख निमा तामाङले बताउनुभयो ।
कालिका गाउँपालिको जिवजिवे ग्रामीण अस्पतालमा २० र जिल्ला अस्पतालमा नौ जना गरी जिल्लाभर २९ जनाको र्‍यापीड डाइग्रष्टिक टेष्ट (आरडीटि) गरिएकोमा सबैको नेगेटिभ देखिएको स्वास्थ्य कार्यालयका जनस्वास्थ्य अधिकृत किरण श्रेष्ठले बताउनुभयो ।

**इन्सेक नुवाकोट जिल्ला प्रतिनिधि नवदीप श्रेष्ठ**का अनुसार वैशाख ८ गतेसम्म तारकेश्वर गाउँपालिकामा ६७ जनाको कोरोनामा र्‍यापीड टेष्ट परीक्षण गरिएकोमा सबैको नतिजा नेगेटिभ आएको छ । यस्तै विदुर नगरपालिकामा १ सय १६ जनाको कोरोनाको द्रुत परीक्षण गरिएको छ । सबैको नजिता नेगेटिभ नै आएको स्वास्थ्य कार्यालय नुवाकोटले जनाएको छ ।
लकडाउनको कारण दैनिक गुजारा चलाउन समस्यामा परेका विपन्न परिवारका मानिसहरूलाई तारकेश्वर गाउँपालिकाले खाद्यान्न राहत प्रदान गरेको छ । चार जनासम्म सदस्य भएका परिवारलाई प्रति परिवार १५ किलो चामल, र चार जनाभन्दा बढी परिवारको सङ्ख्या हुनेलाई प्रतिपरिवार ३० किलो चामल प्रदान गरिएको छ ।

**इन्सेक सिन्धुली जिल्ला प्रतिनिधि बिमला पाण्डे**का अनुसार जिल्ला प्रशासन कार्यालय सिन्धुलीले सामाजिक सद्भावमा प्रतिकुल असर पर्ने जातिय द्वन्द्व फैलिने खालको, धार्मिक सहिष्णुतामा आँच आउने किसिमका कुनै पनि सूचना सामाजिक सञ्जाल, सञ्चार माध्यमबाट प्रकाशन प्रसारण नगरिदिनु हुन अनुरोध गरेको छ ।
प्रमुख जिल्ला अधिकारी योगेन्द्रप्रसाद पाण्डेले ०७७ वैशाख ८ गते सूचना जारी गरि सो अनुरोध गर्नुभएको हो । सिन्धुलीमा र्‍यापीड डाइग्नोस्टिक किड मार्फत ३ सय ७७ जनाको एण्टीवडी जाँच गरिएको छ । कोरोना सङ्क्रमणको अवस्था पत्ता लगाउन जिल्लामा उक्त प्रविधि मार्फत स्वास्थ्य परीक्षणलाई तिव्रता

दिएको छ। हालसम्म जाँच गरिएका सबैको रिपोर्ट नेगेटिभ आएको स्वास्थ्य कार्यालय सिन्धुलीले जनाएको छ । परीक्षणका क्रममा वैशाख ८ गते २५ जनाको जाँच गरिएको हो । ती २५ जनाको रिपोर्ट पनि नेगटिभ आएको स्वास्थ्य कार्यालय सिन्धुलीका प्रमुख जितेन्द्र कुमार शाहले बताउनु भयो ।
सिन्धुली अस्पतालले बीमा गरेका र नियमित औषधि सेवन गर्ने बिरामीका लागि वैशाख ८ गते विहान देखि साढे १० बजेदेखि साढे १२ बजेसम्म सामाजिक दुरी कायम गरी सिन्धुली अस्पतालको फार्मेसीबाट औषधि दिन व्यवस्था गरेको छ । यस्ता विरामीलाई एक पटकमा एक महिनालाई पुग्ने औषधि दिईने अस्पतालले सार्वजनिक सूचना जारी गरि जनाएको छ ।
कमलामाई नगरपालिकाको प्रकोप व्यवस्थापन कोषमा जिल्लामा रहेका विभिन्न गैरसरकारी संस्थाले सहयोग गरेका छन । कोरोना भाइरसको सङ्क्रमण नियन्त्रण तथा रोकथामका लागि स्थापना भएको उक्त कोषमा सामुहिक सरोकार समाज सिन्धुलीले २० हजार, श्री सिन्धुलीले २० हजार, र जनजाती समाज विकास कार्यक्रम सिन्धुलीले १५ हजार रुपियाँ सहयोग गरेका हुन ।

**इन्सेक मकवानपुर जिल्ला प्रतिनिधि पुष्पराज अधिकारी**का अनुसार मकवानपुरको विकट राक्सीराङ गाउँपालिकामा ९ जनाको ऱ्यापीड टेष्ट गरिएको छ । विदेशबाट फर्किएका ११ जनामध्ये वैशाख ८ गते ९ जनाको परीक्षण भएको गाउँपालिका अध्यक्ष राजकुमार मल्लले जानकारी दिनुभयो । परीक्षण गरिएको ९ जनाको रिपोर्ट नेगेटिभ आएको छ । विदेशबाट फर्किएका बाँकी २ जना सम्पर्कमा नआएको उहाँले बताउनु भयो । उनीहरू सम्पर्कमा आएपछि मनहरी ल्याएर परीक्षण गराइने बताइएको छ ।
हेटौंडा उपमहानगरपालिका-९मा विदेशबाट फर्किएका १८ जनाको ऱ्यापीड टेष्ट गरिएको छ । वैशाख ८ गते ४ महिला र १४ पुरुष गरी १८ जनामा गरिएको परीक्षणमा सबैको रिपोर्ट नेगेटिभ आएको उपमहानगरपालिकाका स्वास्थ संयोजक सुपेन्द्र कार्कीले जानकारी दिनुभयो । उपमहानगरपालिकाले हालसम्म १ सय ७३ जनाको आरडीटी परीक्षण गरिसकेको छ । परीक्षणमा चार जनामा एण्टीवडी पोजेटिभ देखिए पनि पीसिआर रिपोर्टमा सबैको कोरोना नेगेटिभ पाइएको छ ।

**इन्सेक काभ्रे जिल्ला प्रतिनिधि हिरामान तामाङ**का अनुसार काभ्रेको चौरीदेउराली गाउँपालिकाले आफ्नो क्षेत्रमा लकडाउनका कारण अलपत्र परेका ४५ जना मजदुरहरूलाई उद्धार गरेको छ ।
गाउँपालिकाका विभिन्न वडाहरूमा भुकम्पपछिको पुनःनिर्माण काम गर्न आइपुगेका ४५ जना मजदुरहरूलाई उद्धार गरिएको गाउँपालिकाका प्रवक्त विनोद घिसिङले बताउनु भयो । पाँचखाल नगरपालिकाले लकडाउनका समयावधिमा विद्यार्थीहरूलाई अनलाइन मार्फत पठनपाठनको व्यवस्था गर्ने भएको छ ।
वैशाख ८ गते पाँचखाल नगरपालिका भित्र रहेका सामुदायिक तथा संस्थागत विद्यालयहरूका प्रधानाध्यापक र प्रतिनिधिसँग छलफल गरेर अनलाइन पठनपाठनको व्यवस्था मिलाउने निर्णय भएको मेयर महेश खरेलले बताउनु भयो ।
बैठकले पाँचखाल नगर भित्र रहेका विद्यालयहरूले शैक्षिक सत्र ०७६ मा कक्षा १ देखि ९ सम्म लिइएको परीक्षाको नतिजा यहि वैशाख १५ गतेसम्म प्रकाशन गरी विद्यालयहरूले आफ्ना विद्यार्थी वा अभिभावकहरूलाई कुनै भेला नगरीकन फोन, सामाजिक सञ्जाल मार्फत जानकारी गराउने पनि निर्णय गरेको छ ।
बनेपा नगरपालिका-१० बस्दै आएका ३० जना भारतीय नागरिकको स्वाब परीक्षण गर्न आलटाल भएको पाइएको छ । बनेपामा ४०/५० जनाको सङ्ख्यामा भारतीय मुलका नागरिक बस्दै आएको र ती मध्ये ३० जना उदयपुरको मस्जिदमा भएको धार्मिक कार्यक्रममा सहभागि भएर बनेपा नै फर्किएकाहरूको

स्वाब परीक्षण गर्न अनुरोध गर्दा जिल्ला कमाण्ड पोष्टले आलटाल गरेको वडाध्यक्ष चन्द्रबहादुर खड्काले बताउनु भयो ।

बनेपा नगरपालिकाको स्वास्थ्य शाखाले उनीहरूको आरडीटी परीक्षण गरिसकेको छ। आरडीटी परीक्षणमा सबै जनाको रिपोर्ट नेगेटिभ आएको थियो । स्वास्थ्य शाखाले उनीहरूको ट्राभल हिस्ट्रि हेर्दा उदयपुरमा केहिदिन अघि कोरोना भाइरस पुष्टि भएका व्यक्तिहरूसँगै मस्जिदमा सहभागी भएको  पाइएको छ ।

**इन्सेक बागमती प्रदेश कार्यालय, हेटौंडा ।**